# सागामिहारा-सि को राष्ट्रिय स्वास्थ्य बिमा कर सम्बन्धी जानकारी (नेपाली भाषामा)

विषयसूची


**1. राष्ट्रिय स्वास्थ्य बिमा प्रणाली** ........ P1

**2. सदस्यता लिने/त्याग्ने निवेदन दाखिला**

(1) राष्ट्रिय स्वास्थ्य बिमा सदस्यता लिने प्रक्रिया ........ P2

(2) राष्ट्रिय स्वास्थ्य बिमा सदस्यता त्याग्ने प्रक्रिया ........ P2

(3) अन्य प्रक्रिया ........ P3

**⁎ "आर्थिक वर्ष" र "वार्षिक" सम्बन्धमा** ........ P3

**3. बिमा कर सम्बन्धमा**

(1) बिमा कर निर्धारण हुने विधि ........ P3

(2) राष्ट्रिय स्वास्थ्य बिमा करको हिसाब विधि ........ P4

(3) सदस्य सङ्ख्या वा अघिल्लो वर्षको आय आदिमा परिवर्तन हुँदा . P5

(4) बिमा कर कम गर्ने प्रणाली सम्बन्धमा ........ P5

(5) आय घोषणा आवेदन सम्बन्धमा ........ P6

(6) बिमा कर छुट सम्बन्धमा ........ P7

**4. बिमा कर चुक्ता सम्बन्धमा**

(1) बिमा कर कसरी चुक्ता गर्ने सम्बन्धमा ........ P8

(2) बिमा कर चुक्ता नगरेको अवस्थामा ........ P8

(3) चुक्ता गर्न मुस्किल पर्दाको समयमा. ........ P8

**⁎ सोधपुछ गर्ने ठाउँ** ........ P9


## 1. राष्ट्रिय स्वास्थ्य बिमा प्रणाली

स्वास्थ्य बिमा भनेको रोग वा चोटपटक लागेर चिकित्सा निकायहरूमा जानुपर्दा आर्थिक भार हलुका होस् भन्नका लागि, पहिले देखि नै एक-आपसमा मिलेर पैसा जोहो गरी चिकित्सा खर्चमा पूर्ति गर्ने, आपसी सहायतालाई लक्षित गरिएको चिकित्सा बिमा प्रणाली हो। स्वास्थ्य बिमामा, काम गर्ने ठाउँबाट सदस्यता लिने र बसोबास दर्ता गरिराखेको गाउँपालिका/नगरपालिकाबाट सदस्यता लिने गरी दुई प्रकार हुन्छन्। जापानमा बसोबास दर्ता गरिराखेका व्यक्तिले, कुनै एक सार्वजनिक चिकित्सा बिमाको सदस्यता लिएर बिमा कर भुक्तानी गरेमा, रोग वा चोटपटक लाग्दा माइना-होकेन बिमा प्रमाणपत्र ⁎अथवा योग्यता पुष्टि पत्रलाई चिकित्सा निकायहरूको काउण्टरमा प्रस्तुत गरेमा उपचार खर्चको 30 अथवा 20% मात्रै भुक्तानी गरी ढुक्कका साथ चिकित्सा सेवा प्राप्त गर्न सकिन्छ।

3 महिना नाघ्ने बसोबास अवधि निर्धारण भएर, सागामिहारा-सि मा बसोबास दर्ता गर्नु भएका निम्न व्यक्ति बाहेकले राष्ट्रिय स्वास्थ्य बिमाको सदस्यता लिनै पर्ने हुन्छ।

⁎स्वास्थ्य बिमा कार्ड रजिष्टर गरेको माइनम्बर कार्ड

・राष्ट्रिय स्वास्थ्य बिमाको सदस्यता लिन नपाउने व्यक्ति

① कार्यस्थलको स्वास्थ्य बिमाको बिमित तथा निजको आश्रित परिवार

② सेइखाचु-होगो अर्थात जीवनयापन संरक्षण प्राप्त गरिराखेको व्यक्ति

③ 75 वर्ष उमेर वा माथिका व्यक्ति

④ बसोबास अवधि 3 महिना वा सो भन्दा कम भएका व्यक्ति (तथापि, बसोबास अवधि 3 महिना वा सो भन्दा कम भएपनि, श्रम कल्याण मन्त्रीले तोकेको बसोबास योग्यता (भिसा) अनुसार मान्यता पाएको व्यक्तिले सदस्यता लिन सक्ने हुनसक्छ।)

⑤ अन्य विशेष कारण भएका व्यक्ति जसलाई श्रम कल्याण मन्त्रालयको आदेशले तोकेको हुन्छ

## 2. सदस्यता लिने/त्याग्ने निवेदन दाखिला

| | |
|---|---|
| **प्रक्रिया गर्ने ठाउँ** | **① राष्ट्रिय स्वास्थ्य बीमा र राष्ट्रिय पेन्सन शाखा**<br>**② सम्बन्धित माचि-जुकुरि-सेन्ता अर्थात् समुदाय विकास केन्द्र (हासिमोतो वा च्यूओउ 6 चिकु-इलाका, ओवनो-मिनामि बाहेक।)/ उपशाखा**हरू<br>**③ मिदोरि, मिनामि वार्ड अफिसको कु-मिन् शाखा**<br>**④ च्युओउ वार्ड अफिसको कु-मिन् शाखा** |

(1) राष्ट्रिय स्वास्थ्य बिमाको सदस्यता लिने प्रक्रिया

| प्रक्रिया आवश्यक पर्ने समय | आवश्यक पर्ने चिज | प्रक्रिया गर्ने ठाउँ |
|---|---|---|
| सागामिहारा-सि मा बसाईं (जापान प्रवेश)आउँदा | ▪बसाइँ जाने प्रमाणपत्र अथवा बिशिष्ट बसाइँ जाने प्रक्रिया अपनाएको माइनम्बर कार्ड<br>▪पासपोर्ट/ जाइर्‍यू (बसोबास) कार्ड | ② ③ ④ |
| कार्यस्थलको स्वास्थ्य बिमा छोड्दा | ・जाइर्‍यू (बसोबास) कार्ड ・स्वास्थ्य बिमा योग्यता विहीन प्रमाणपत्र इत्यादि | ① ② ③ |
| बच्चा जन्मिँदा | ・जन्म दर्ता निवेदन ・बोसि तेच्यो (मातृशिशु स्वास्थ्य पुस्तिका) ・जाइर्‍यू (बसोबास) कार्ड | ② ③ ④ |

⁎ निर्दिष्ट गतिविधि (तोकुतेइ खाचुदो) को भिसा भएको बेलामा, गतिविधि निर्देशित पत्र (सिटेइ-स्यो) अनिवार्य रूपले लिएर आउनुहोस्। चिकित्सा उपचारको उद्देश्य, भ्रमण, मनोरञ्जन प्रयोजनको निर्दिष्ट भिसा भएको बेलामा, राष्ट्रिय स्वास्थ्य बीमामा आबद्ध हुन सकिँदैन।

*माइना–होकेन बिमा प्रमाणपत्र छ अनि त्यसको प्राविधिक गडबडीहरूले रिडिग गर्न नमिल्ने भएको बखतमा माइनम्बर कार्डसँगै प्रयोग गर्न मिल्ने सिखाकु ज्योउहोउ चुउचि–स्यो (योग्यता जानकारी सूचनापत्र) जारी गरिने छ। साथै, माइना–होकेन बिमा प्रमाणपत्र छैन भने सिखाकु खाकुनिन–स्यो (योग्यता पुष्टिपत्र) जारी गरिने छ।

(2) राष्ट्रिय स्वास्थ्य बिमा सदस्यता त्याग्ने प्रक्रिया

| प्रक्रिया आवश्यक पर्ने समय | आवश्यक पर्ने चिज | प्रक्रिया गर्ने ठाउँ |
|---|---|---|
| सागामिहारा-सि बाट बसाईं (जापानबाट बहिर्गमन) जाँदा | ・कोकुहो-बिमाको सिखाकु खाकुनिन-स्यो (योग्यता पुष्टिपत्र)⁎<br>・जाइर्‍यू (बसोबास) कार्ड | ② ③ ④ |
| कार्यस्थलबाट स्वास्थ्य बिमाको सदस्यता लिँदा | ・कार्यस्थलको स्वास्थ्य बिमा (स्याखाइ होकेन) आदि योग्यता प्राप्त गरेको मिति थाहा हुने कागजातहरू<br>・कोकुहो-बिमाको सिखाकु खाकुनिन-स्यो (योग्यता पुष्टिपत्र)⁎ | ① ② ③ |
| मृत्यु हुँदा | ・कोकुहो-बिमाको सिखाकु खाकुनिन-स्यो (योग्यता पुष्टिपत्र)⁎ | ② ③ ④ |

⁎कोकुहो-बिमा (राष्ट्रिय स्वास्थ्य बिमा)को सिखाकु खाकुनिन-स्यो (योग्यता पुष्टिपत्र) भएका महानुभाव मात्र

(3) अन्य प्रक्रिया

| प्रक्रिया आवश्यक पर्ने समय | आवश्यक पर्ने चिज | प्रक्रिया गर्ने ठाउँ |
|---|---|---|
| सागामिहारा-सि भित्रैको ठेगाना परिवर्तन हुँदा | ・जाइन्यू (बसोबास) कार्ड<br>▪कोकुहो-बिमाको सिखाकु खाकुनिन-स्यो (योग्यता पुष्टिपत्र)⁎ | ② ③ ④ |
| घरमूली या नामथर परिवर्तन हुँदा | ・जाइन्यू (बसोबास) कार्ड<br>▪कोकुहो-बिमाको सिखाकु खाकुनिन-स्यो (योग्यता पुष्टिपत्र)⁎ | ② ③ ④ |
| सिखाकु खाकुनिन-स्यो (योग्यता पुष्टिपत्र) अथवा, सिखाकु ज्योउहोउ चुउचि-स्यो (योग्यता जानकारी सूचनापत्र) हराउँदा, मैलो हुँदा | ・जाइन्यू (बसोबास) कार्ड<br>・मैलो भएको बेलामा, उक्त कोकुहो-बिमाको सिखाकु खाकुनिन-स्यो (योग्यता पुष्टिपत्र) अथवा सिखाकु ज्योउहोउ चुउचि-स्यो (योग्यता जानकारी सूचनापत्र) | ① ② ③ |

⁎कोकुहो-बिमाको सिखाकु खाकुनिन-स्यो (योग्यता पुष्टिपत्र) भएका महानुभाव मात्र

**● सदस्यता लिने/त्याग्ने प्रक्रिया गर्दा 14 दिन भित्रमा**

सदस्यता लिनै पर्ने हुँदाहुँदै पनि सो निवेदन दाखिला गर्न ढिला भएमा....

◎तल वर्णन गरिएको बिमा करलाई निवेदन दिएको महिनाबाट नभएर, योग्य भएको सुरुवाती माहिनादेखि नै पहिलेको समेत कर दाखिला गर्नु पर्नेछ।

◎सदस्यता नलिएको अवधिको उपचार खर्चको सबै रकम आफैले वहन गर्नुपर्ने हुन्छ (पछि गएर फिर्ता माग्ने प्रक्रिया अपनाउनु पर्नेछ)।

**⁎ "आर्थिक वर्ष" र "वार्षिक" सम्बन्धमा**

"आर्थिक वर्ष" ....अप्रिल देखि आगामी वर्षको मार्चसम्मको 12 महिना अवधि।

"वार्षिक" ...........जनवरी देखि डिसेम्बरसम्मको 12 महिना अवधि।

**3. बिमा कर सम्बन्धमा**

बिमा कर-चुक्ता गर्नुपर्ने दायित्व घरमूलीको रहन्छ। तसर्थ, घरमूलीले राष्ट्रिय स्वास्थ्य बिमाको सदस्यता नलिएको भएपनि, घरमूलीको नाममा कर-चुक्ता सूचना पत्र प्रेषण गरिन्छ।

⁎ सदस्यता लिने प्रक्रिया ढिला हुन गएर, पहिले देखि कै सदस्यता लिनु पर्दा, लागु-करको पनि अधिकतम 3 वर्ष पहिले सम्मको, आर्थिक वर्ष पिच्छेको कर-चुक्ता सूचना पत्र प्रेषण गरिन्छ। बिमा कर तिराउँदा 1 पटकमा नै सबै चुक्ता गर्नुपर्ने गरी म्याद राखिन्छ।

(1) बिमा कर निर्धारण हुने विधि

बिमा कर गणना गर्दा,अघिल्लो वर्ष जनवरी देखि डिसेम्बर सम्मको आयहरूको आधारमा **आर्थिक वर्ष** पिच्छे गरिन्छ।

बिमा कर, बिमामा आबद्ध हुन निवेदन दिएको मितिबाट नभएर, कम्पनीको बीमा (स्याखाइ होकेन) को योग्यता गुमेको वा बसाइ सरेर आएको जस्ता कारणबाट, सागामिहारा-सी को राष्ट्रिय स्वास्थ्य बीमामा आबद्ध हुने योग्य भएको महिनाबाट गणना गरिने छ।

आर्थिक वर्षको बीचमा सदस्यता लिँदाको बिमा कर.. बिमा कर (वार्षिक राशि) $\times\frac{\text{सदस्यता लिएको महिना देखि मार्च सम्मको महिना सङ्ख्या}}{12}$

आर्थिक वर्षको बीचमा सदस्यता त्याग्दाको बिमा कर.. बिमा कर (वार्षिक राशि) $\times\frac{\text{अप्रिल देखि सदस्यता त्यागेको अघिल्लो महिना सम्मको महिना सङ्ख्या}}{12}$

(2) राष्ट्रिय स्वास्थ्य बिमा करको हिसाब विधि

आर्थिक वर्ष 2026को करको दर, देहाय बमोजिम कायम गरिएको छ।

गणना गर्ने तरिका, "A: चिकित्सा सेवाको हिस्सा", "B: उत्तरार्द्धका वृद्ध व्यक्ति सहायता रकमको हिस्सा" एवम् "C: केयर गिभिङ् भुक्तानी रकमको हिस्सा" एवम् "D: बालबालिका सहायता रकमको हिस्सा"का सम्बन्धमा, ① देखि ③ को बुँदा पिच्छे अलग अलग गणना गरी आएको कूल रकम नै वार्षिक बिमा कर रकम हुने छ।

| **राष्ट्रिय स्वास्थ्य बिमा कर** | **[①: आय दर]**<br>अघिल्लो वर्ष भरीको समग्र आय रकमहरू (*)<br>－आधारभूत छुट राशि | **[②: समान दर]**<br>प्रति सदस्य बराबरको राशि | **[③: बराबरी दर]**<br>प्रति घरपरिवार बराबरको राशि |
|---|---|---|---|
| **A: चिकित्सा सेवाको हिस्सा** | ① को **6.75%** | **29,000 येन** × व्यक्ति सङ्ख्या | **18,000 येन** |
| **B: उत्तरार्द्धका वृद्ध व्यक्ति सहायता रकमको हिस्सा** | ① को **2.78%** | **11,500 येन** × व्यक्ति सङ्ख्या | **7,000 येन** |
| **C: केयर गिभिङ् भुक्तानी रकमको हिस्सा** | ① को **2.32%** | **12,000 येन** × व्यक्ति सङ्ख्या | **6,000 येन** |
| **D: बालबालिका सहायता रकमको हिस्सा** | ① को 0.28% | **1,360 येन** x व्यक्ति सङ्ख्या<br>18 वर्ष उमेर वा माथिको लागि 60 येन सहित*2 | 800 **येन** |

* समग्र लागु-करको हिस्साको आय र विशेष छुट पश्चातको पूजीगत बेचबिखन आय (5 वर्ष वा सो भन्दा मुनिको छोटो अवधि/5 वर्ष भन्दा माथिको लामो अवधिबाट हुने लाभ), सेयर बजारमा लिस्टेड सेयर आदि सँग सम्बन्धित बेचबिखन घाटाको क्यारि-फर्वाड छुट पश्चातको बेचबिखन आय, सेयर बजारमा लिस्टेड सेयर आदिको बेचबिखन घाटा र लाभांश आय बीचको लाभ-हानी हिसाब पश्चातको आय एवम् क्यारि-फर्वाड छुट पश्चातको सेयर बजारमा लिस्टेड सेयर आदिको लाभांश आय आदि, समग्र नियमित लागु-कर बाहेकको आय सबै जोडेर आएको रकमलाई समग्र आय रकमहरू मानिन्छ।

*2 18 वर्ष वा सो भन्दा माथिका लागि समानदर (18 वर्ष उमेर भन्दा कमसँग सम्बन्धित समानदर कम हुने हिस्सालाई 18 वर्ष वा सो भन्दा माथिकाले बहन गर्दा लाग्ने राशि)

* "B: उत्तरार्द्धका वृद्ध व्यक्ति सहायता रकमको हिस्सा" भनेको, उत्तरार्द्धका वृद्ध व्यक्ति चिकित्सा सेवा प्रणालीमा टेवा पुर्‍याउने रकम (सदस्य सबैलाई करको भाग तोकेको हुने)।

* "C: केयर गिभिङ् भुक्तानी रकमको हिस्सा" भनेको, 40 देखि 64 वर्ष उमेरका सदस्यलाई करको भाग तोक्ने।

* "D: बालबालिका सहायता रकमको हिस्सा"भनेको बालबालिका सहायता वा बालबच्चा हुर्काउने सहायता प्रणाली निमित्तको रकम भएकोले हरेक सदस्यलाई कर बाँडेर लाग्नेछ।

(18 वर्ष भन्दा मुनिकालाई समानदर राशिको सबै रकम छुट)

* लागु-करको सीमा राशि (वार्षिक बिमा करको सीमा राशि जसलाई जापानीमा खाजेइ गेन्दोउ गाकु भनिन्छ)

"A: चिकित्सा सेवाको हिस्सा: 670,000 येन", "B: उत्तरार्द्धका वृद्ध व्यक्ति सहायता रकमको हिस्सा: 260,000 येन ", "C: केयर गिभिङ् भुक्तानी रकमको हिस्सा: 170,000 येन", "D: बालबालिका सहायता रकम: 30,000 येन"

| | |
|---|---|
| 40 वर्ष उमेरको हुने व्यक्ति | 40 वर्ष उमेरको जन्म महिना (1 तारिख जन्म मिति भएको व्यक्तिलाई त्यसको अघिल्लो महिना) देखि,"C: केयर गिभिङ् भुक्तानी रकमको हिस्सा"मा करको भाग तोक्ने । |
| 65 वर्ष उमेरको हुने व्यक्ति | 65 वर्ष उमेरको हुने व्यक्तिको "C: केयर गिभिङ् भुक्तानी रकमको हिस्सा"को बिमा कर राशि हिसाब गर्दा, 65 औँ वर्षको जन्म महिनाको अघिल्लो महिना (1 तारिख जन्म मिति भएको व्यक्तिलाई त्यो भन्दा दुई महिना अगाडि) सम्मको महिनाको सङ्ख्या अनुसार गर्ने।<br>＊ 65 वर्ष उमेर भन्दा माथि भने, भिन्दै केयर गिभिङ् बिमा शुल्क लाग्न जानेछ। |
| 75 वर्ष उमेरको हुने व्यक्ति | 75 वर्ष उमेरको हुने व्यक्तिको "A: चिकित्सा सेवाको हिस्सा", "B: उत्तरार्द्धका वृद्ध व्यक्ति सहायता रकमको हिस्सा", “D: बालबालिका सहायता रकम”को बिमा कर राशि हिसाब गर्दा, 75 औँ वर्षको जन्म महिनाको अघिल्लो महिना सम्मको महिनाको सङ्ख्या अनुसार गर्ने।<br>＊ 75 वर्ष उमेर भन्दा माथि भने, भिन्दै उत्तरार्द्धका वृद्ध व्यक्तिको चिकित्सा बिमा शुल्क लाग्न जानेछ। |

(3) सदस्य सङ्ख्या वा अघिल्लो वर्षको आय आदिमा परिवर्तन हुँदा

आर्थिक वर्षको बीचमा सदस्यता लिने/त्याग्ने गरेर सदस्य सङ्ख्यामा घटबढ भएको या अघिल्लो वर्षको आयमा परिवर्तन आएर बिमा कर राशि परिवर्तन हुँदा, कर-चुक्ता सूचना पत्र प्रेषण गरिन्छ।

आर्थिक वर्षको बीचमा घरमूली परिवर्तन हुँदा, कर-चुक्ता गर्ने दायित्व भएको व्यक्ति परिवर्तन गरिन्छ। परिवर्तित दिनको अघिल्लो महिनाको हिस्सा सम्म अघिल्लो घरमूलीलाई, परिवर्तित महिना देखिको हिस्सा नयाँ घरमूलीलाई नयाँ कर लागु गरी, आ-आफ्नो कर-चुक्ता सूचना पत्र प्रेषण गरिन्छ।

**● सावधानी:** आर्थिक वर्षको बीचमा बसाइँ आउने व्यक्तिलाई

◎ अन्य गाउँपालिका/नगरपालिकाबाट बसाइँ आउँदा: तपाईंको भर्ना प्रक्रियाको अर्को महिना कर-चुक्ता सूचना पत्र प्रेषण गरिनेछ, बसाइँ आउनु भन्दा पहिलेको गाउँपालिका/नगरपालिकामा अघिल्लो वर्ष भरीको समग्र आय रकमहरू आदि बारे जाँच पश्चात गरिसके पछि। यदि तपाईंले बसाइँ आउनु भन्दा पहिलेको गाउँपालिका/नगरपालिकामा नभई अर्को ठाउँमा आफ्नो 'अन्तिम कर फिर्ती घोषणा आवेदन'(खाकुतेइ सिन्कोकु) फाइल गर्नुभयो भने, वा महिनाको अन्तमा फाइल गर्नुभयो भने, आयको रकमको बारेमा जानकारी प्राप्त गर्न झन् लामो समय लाग्ने कारणले गर्दा तपाईंले दुई पटक कर-चुक्ता सूचना पत्र पाउने सम्भावना हुन्छ। पहिले ठेगाना भएको क्षेत्रमा आय घोषणा आवेदन नगरेका व्यक्तिले, पहिले ठेगाना भएको क्षेत्रमा निवेदन दिएर, सो व्यहोरा P9 मा भएको सोधपुछ स्थलमा सम्पर्क गरेर भन्नुहोला।

◎ विदेशबाट बसाइँ आउँदा: सदस्यता लिने प्रक्रिया अपनाउँदा, राष्ट्रिय स्वास्थ्य बीमा र राष्ट्रिय पेन्सन शाखा मा "राष्ट्रिय स्वास्थ्य बिमा कर घोषणा आवेदन पत्र" पेस गर्नुहोला।

(4) बिमा कर कम गर्ने प्रणाली सम्बन्धमा

(क) कानुनी कम गर्ने प्रणाली (आवेदन दिनु नपर्ने)

① घरमूली र त्यस बाहेकका सदस्य सबैको कुल आय राशि 430,000 येन + {100,000 येन × (तलब कमाउनेहरू आदिको संख्या＊ -1)} वा सो भन्दा कम भए, समान दर राशि (18 वर्ष वा माथिको समानदर राशि 70% कम सहित), बराबरी दर राशि 70% कम गरिन्छ।

(अ) घरमूली र त्यस बाहेकका सदस्य सबैको कुल आय राशि 430,000 येन + (310,000 येन ×सदस्य सङ्ख्या) + {100,000 येन × (तलब कमाउनेहरू आदिको संख्या＊ -1)} वा सो भन्दा कम भए, समान दर राशि, बराबरी दर राशि 50% कम गरिन्छ।

(आ) घरमूली र त्यस बाहेकका सदस्य सबैको कुल आय राशि 430,000 येन + (570,000 येन ×सदस्य सङ्ख्या) + {100,000 येन × (तलब कमाउनेहरू आदिको संख्या＊ -1)} वा सो भन्दा कम भए, समान दर राशि, बराबरी दर राशि 20% कम गरिन्छ।

* “तलब कमाउनेहरू आदि” तिनीहरूलाई जनाउँछ जसले निरन्तर तलब कमाइरहन्छन् वा सार्वजनिक निवृत्तिभरण, आदि प्राप्त गर्छन्।

**<u>सावधानी:</u>**

अघिल्लो वर्ष आय घोषणा आवेदन नगरेको बखतमा, आय राशि ① देखि ③ मध्ये कुनै एक शर्तसँग मिलेको भएपनि बिमा कर कम गरिने छैन। आर्थिक वर्ष पिच्छे अवश्य पनि आय घोषणा आवेदन गर्नुहोला।

**(ख)** विद्यालय जानु अगाडिका बालबालिकालाई कर कम गर्ने प्रणाली (आवेदन दिनु नपर्ने)

बालबालिका हुर्काइरहेका घरपरिवारको आर्थिक बोझ कम गर्नका निमित्त, विद्यालय जानु अगाडिका बालबालिकाको समानदर राशि (उपचार खर्चको हिस्सा/ उत्तरार्द्धका वृद्ध व्यक्ति सहायता रकमको हिस्सा/ बालबालिका सहायताको हिस्सा)लाई 50% कम गरिने छ।

विद्यालय जानु अगाडिका बालबालिका कोकुहो-बिमाको सदस्य भएको महिनाबाट 6 वर्ष उमेर पुगेको दिन वा सो पश्चात्को प्रथम मार्च 31 तारिखसम्म दायरामा पर्नेछन्।

(ग) विशिष्ट योग्य प्राप्तकर्ताहरूको बिमा कर कम गर्ने बारेमा

“रोजगार बिमा लाभ प्राप्ति योग्यता कार्ड" अथवा “रोजगार बिमा लाभ प्राप्ति योग्यता सूचनापत्र" जारी गरिपाएका महानुभाव जो निम्न ①~③ का सबै अन्तर्गत पर्नुहुन्छ उहाँले घोषणा गर्नुहोला।

काम छोड्नु भएको व्यक्तिको हकमा निजको अघिल्लो वर्षको तलबी आयको 100 भागको 30 भाग मात्र हिसाब गरी, बिमा कर कम गरिने छ।

① सागामिहारा-सि को राष्ट्रिय स्वास्थ्य बिमा सदस्यहरू
② रोजगारी छाडेको मितिमा 65 वर्ष कम उमेरका व्यक्तिहरू
③ “रोजगार बिमा लाभ प्राप्ति योग्यता कार्ड" अथवा “रोजगार बिमा लाभ प्राप्ति योग्यता सूचनापत्र"को रोजगारी छाडेको कारण निम्न कोडहरू मध्ये कुनै एकसँग मेल खाने महानुभाव:
・विशिष्ट योग्य प्राप्तकर्ताहरू: 11, 12, 21, 22, 31, 32
・विशेष कारणहरूले गर्दा रोजगारी छाडेकाहरू: 23, 33, 34

(घ)

प्रसूति हुनु अगाडि र पछाडिको अवधिको बिमा कर कम गर्ने बारेमा

कोकुहो-बिमाको सदस्यले बच्चा जन्माउने वा जन्माएको खण्डमा, अधिकतम 4 महिनाको हिस्सा बराबरको राशि (जुम्ल्याहा वा बढि भ्रूण छन् भने 6 महिना बराबरको हिस्सा) बिमा कर रकम कम गरिने छ।

सिद्धान्ततः प्रक्रिया अपनाउनु पर्नेछ। विवरणका लागि कृपया हामीलाई सम्पर्क गर्नुहोस्।

(5) आय घोषणा आवेदन सम्बन्धमा

बिमा करको आय दर राशि निर्णय हुँदा, अघिल्लो वर्ष जनवरी देखि डिसेम्बर सम्मको आयको आधारमा अप्रिल देखि आउँदो साल मार्च सम्मको 12 महिनाको हिस्सा पर्छ। तसर्थ, अघिल्लो वर्षको आय घोषणा नभएमा, सही बिमा कर गणना गर्न नसकिने हुनाले बिमा कर कम गर्ने व्यवस्था पनि लागु गरिने छैन। 18 वर्ष उमेर वा सो भन्दा माथिका सदस्यले, जनवरी 1 तारिखमा बसोबास गरेको गाउँपालिका/नगरपालिकाको नागरिक कर शाखामा र, जनवरी 2 तारिख पछि जापान प्रवेश गरेका व्यक्तिले राष्ट्रिय स्वास्थ्य बीमा र राष्ट्रिय पेन्सन शाखा मा अघिल्लो वर्षको आय घोषणा गर्नुहोला। साथै, कम्पनी मार्फत घोषणा आवेदन गराएका व्यक्ति या 'अन्तिम कर फिर्ती घोषणा आवेदन'(खाकुतेइ सिन्कोकु) गरेका व्यक्ति, बसाइँ आउने व्यक्ति जसले पहिलेको ठेगाना रहेको गाउँपालिका/नगरपालिकाको नागरिक कर शाखामा घोषणा आवेदन गरिसकेका छन् उनीहरूले दोहऱ्याएर घोषणा आवेदन गर्नुपर्ने आवश्यकता रहँदैन।

अघिल्लो वर्ष आयको घोषणा आवेदन नगरेका व्यक्ति, बसाइँ आउनु पहिलाको गाउँपालिका/नगरपालिकामा आयको घोषणा आवेदन नगरेका व्यक्ति, विदेशबाट बसाइँ आएर राष्ट्रिय स्वास्थ्य बीमा र राष्ट्रिय पेन्सन शाखा मा घोषणा आवेदन नगरेका व्यक्ति प्रति, बेलाबेलामा "राष्ट्रिय स्वास्थ्य बिमा कर घोषणा आवेदन पत्र" एवम् फिर्ती खाम राखेर प्रेषण गरिने हुनाले, लेखेर पेस गर्नुहोला।

(6) बिमा कर छुट सम्बन्धमा

निम्न शर्त भित्र पर्ने घरपरिवार, जसलाई **आर्थिक वर्ष 2026** को हिस्साको बिमा कर तिर्न मुश्किल भएको बखतमा, छुटको आवेदन दिन सकिन्छ।

<table>
<tr><th colspan="3">①<प्रकोप आइपर्दा हुने छुट></th></tr>
<tr><td colspan="2">प्रकोपमा परेर घरबारको 3 भागको 1 भाग वा सो भन्दा बढी क्षति व्यहोरेका घरपरिवार</td><td>सन् 2025 भरीमा घरपरिवारको आय 1 करोड येन भन्दा कम भए</td></tr>
<tr><th colspan="3"><बेरोजगारी आदि, गुजारा चलाउन गाह्रो पर्दाको छुट></th></tr>
<tr><td>② बेरोजगारी आदि</td><td>कम्पनीको कारणले गरेर अवकाश (बर्खासी या कम्पनी टाट पल्टेको आदि), काम नचलेको अथवा काम रोकिएको वा कम्पनी खारेज भएको व्यक्तिका घरपरिवार</td><td rowspan="2">सन् 2026 भरीको अनुमानित आय सन् 2025 भरीमा घरपरिवारले आर्जन गरेको आयको 70% वा सो भन्दा कम हुने गरी घट्ने अवस्थामा (*1)</td></tr>
<tr><td>③ गुजारा चलाउन गाह्रो</td><td>जीवन गुजारा चलाउनका लागि सार्वजनिक वा निजी सहायता प्राप्त गरिराखेको घरपरिवार</td></tr>
<tr><th colspan="3">④<बिरामी पर्दाको छुट></th></tr>
<tr><td colspan="2">बिरामी भएर चिकित्सा खर्च उच्च हुने घरपरिवार</td><td>सन् 2026 भरीको चिकित्सा खर्च (कर छुटको दायरामा परेको हिस्सा), सन् 2026 साल भरीमा उक्त घरपरिवारको अनुमानित आय भन्दा 30% वा सो भन्दा माथि हुने अवस्थामा</td></tr>
<tr><th colspan="3">⑤<बेचबिखन बाट भएको आय सम्बन्धी छुट></th></tr>
<tr><td colspan="3">व्यवसाय या आवास आदिको ऋण तिर्नका लागि, सन् 2025 साल भित्र जग्गा या घरबार बेची उक्त आम्दानी मध्येको सम्पूर्ण राशि ऋण तिर्नमा लगाएको अवस्थामा</td></tr>
<tr><th colspan="3">⑥<थुना अवधिको छुट></th></tr>
<tr><td colspan="3">कारागार आदिमा थुनिएर, स्वास्थ्योपचार खर्च भत्तामा हदबन्दी लागु भएको अवस्थाम</td></tr>
</table>

* सन् 2025 साल भरीमा घरपरिवारको आय 20 लाख येन वा सो भन्दा कम भएका घरपरिवारको लागि 80% भन्दा कम

* ②/③/④/⑤को अवस्थामा, माथि उल्लेखित शर्तका अलावा, सन् 2026 साल भरीको घरपरिवारको अनुमानित आय राशि र जीवनयापन संरक्षणको मापदण्ड अनुसार हिसाब निकालेर, मानक जीवनयापन खर्च बीचको अनुपात अनुसार लागु गर्ने नगर्ने निर्णय गरिन्छ।

* आर्थिक वर्ष 2026 भित्रमा आवेदन दिनुपर्ने हुन्छ। (⑥ को अवस्थामा बाहेक।)

* आर्थिक वर्ष 2025 भन्दा पहिलेको बिमा कर सम्बन्धमा, पहिलेको छुटको लागि आवेदन दिन सकिने छैन। (⑥ को अवस्थामा बाहेक।)

* घरपरिवारको आय भन्नाले, घरमूली (राष्ट्रिय स्वास्थ्य बिमाको सदस्यता नलिएको घरमूली समेत समावेश।)
र राष्ट्रिय स्वास्थ्य बिमाको बिमित सबैजनाको आय बुझ्नुपर्छ।

माथि उल्लेखित आवेदन परामर्श काउण्टर भन्नाले, कोकुहो नेन्किन-खा भनिने राष्ट्रिय स्वास्थ्य बीमा शाखा मा करको भाग तोक्ने टिम, वार्ड अफिसको कु-मिन् शाखा (च्युओउ वार्ड अफिस बाहेक), सिरोयामा/चुकुइ/सागामिको/फुजिनो का हरेक समुदाय विकास केन्द्र अर्थात माचि-जुकुरि-सेन्ता भन्ने बुझ्नुपर्छ।

## 4. बिमा कर कसरी चुक्ता गर्ने सम्बन्धमा

(1) बिमा कर चुक्ता गर्ने म्याद

सागामिहारा-सि मा अप्रिल देखि आगामी वर्षको मार्च सम्मको 12 महिनाको हिस्साको बिमा कर, जुन देखि आगामी वर्षको मार्च महिना भित्र, 10 पटक (किस्ता) मा विभाजन गरि दाखिला गर्नु पर्नेछ। जुन महिनाको मध्य तिर कर-चुक्ता सूचना पत्र प्रेषण गरिने भएकोले, खाममा हुने चुक्ता पत्र लिएर म्याद भित्रमा चुक्ता गर्नुहोला।

साथै, जुन महिना वा सो भन्दा पछि आबद्ध हुन प्रक्रिया चालेको अवस्थामा, प्रक्रिया थालेको दिनको अर्को महिना देखि आगामी मार्च महिना सम्म, मासिक किस्तामा विभाजन गरी दाखिला गर्नुपर्ने हुन्छ। कर दाखिलाको सूचनापत्र र कर दाखिला भौचर, प्रक्रिया चाल्नु भएको मितिको अर्को महिनाको मध्य तिर हुलाक मार्फत तपाईको ठेगानामा पठाइने छ।

चुक्ता विधिमा यी तरिका सम्मवेश राखेका छन्: वित्तीय संस्था या कन्भिनियन्स स्टोर आदिमा गएर भुक्तानी गर्ने विधि, पे-ईजी (Pay-easy) द्वारा या स्मार्टफोन भुक्तानी (लाइन भुक्तानी (Line Pay), पेपे (PayPay), दी-पे (d-Pay), एई-यू भुक्तानी (au PAY), र राकुतेन भुक्तानी (Rakuten Pay)) चुक्ता पत्र प्रयोग गरेर चुक्ता पत्रबाट भुक्तानी गर्ने विधि; क्रेडिट कार्ड भुक्तानी र पीसी, स्मार्टफोन आदि द्वारा खाताबाट रकमान्तर गरी भुक्तानी गर्ने विधि।

(2) बिमा कर चुक्ता नगरेको अवस्थामा

बीमा कर रकम दाखिला नगरी बक्यौता राखेको खण्डमा, देहाय बमोजिमको कडा कदम चालिनेछ। बीमा कर म्याद भित्र अनिवार्य रूपले दाखिला गर्नु हुन अनुरोध छ। अनि, ढिला भएको दिन संख्याको आधारमा, ढिला दस्तुर पनि लाग्न सक्छ। उक्त ढिला दस्तुर पनि तिर्नु पर्ने हुन्छ, सावधानी अपनाउनुहोला।

● ताकिता, मागदाबी चेतावनी, प्रोत्साहन कल आदि।

म्याद भित्र बिमा कर चुक्ता नगरेकोमा, ताकिता पुर्जी पठाइने छ। अझै चुक्ता गरिएन भने, छुट्टै टेलिफोन वा लिखित रूपमा मागदाबी चेतावनी दिइन सक्छ।

● सम्पत्ति छानबिन/बक्यौताको विन्यास र प्रतिबन्ध प्रमाणपत्रको जारी

बीमा रकम तिर्न ताकिता गर्दा गर्दै पनि, अतेर गरी कर नतिरि बक्यौता राखेमा, बैंक तथा कार्यरत कम्पनी, सरकारी कार्यालय आदिमा, सम्पत्ति (बचत खाताको रकम, तलव, घरजग्गा, आदि) छानबिन गरिने छ। यदि सम्पत्ति भएको पुष्टि भएमा, कानून बमोजिम बक्यौता रकम असुली कारबाहीको लागि, उक्त सम्पत्ति रोक्का गरिनेछ।

●विशेष चिकित्सा उपचार खर्चको लाभ भुक्तानी

बक्यौता बाँकी रहीरहने अनि एउटा निश्चित मापदण्ड पार गरेको खण्डमा, चिकित्सा संस्थाको चेकजाँच खर्च पूर्ण रूपमा आफूले वहन गर्नुपर्ने हुनसक्छ। यस्तो अवस्थामा पछि गएर निवेदन दिए, विशेष चिकित्सा उपचार खर्च स्वरूप आंशिक वहन रकम बाहेकको रकम लाभ भुक्तानी हुनेछ।

(3) चुक्ता गर्न मुश्किल पर्दाको समयमा

उदाहरणको लागि, प्रकोपको कारणबाट क्षति पुगेको वा आफू स्वयम् वा एकाघरका परिवारका कोही व्यक्ति बिरामी परी, ठूलो रकम खर्च भएको कारणबाट, जीवनयापन गर्न कठिन भएको भनि मान्यता पाएको जस्ता विशेष परिस्थितिको अवस्थामा, उक्त परिस्थिति हेरी, निश्चित अवधिको लागि, कर भुक्तानी स्थगित गर्ने प्रणाली पनि छ। म्याद भित्र दाखिला गर्न नसक्ने अवस्थामा, तलको ठेगानामा सम्पर्क गरी परामर्श गर्नुहोस्।

●कर दाखिला परामर्श काउण्टर

・च्युओउ वार्डका बासिन्दाहरू र शहर बाहिर बस्नेहरू (टोकियोका 23 वटा विशेष वार्डहरू र कानागावा प्रान्त बाहेक अन्य प्रान्तहरू)

→सङ्कलन र समन्वय टोली 1 र 2, कर चुक्ता खण्ड ☎042-769-8300

・मिदोरि वार्डका बासिन्दाहरू र शहर बाहिर बस्नेहरू (टोकियो नगरपालिकाहरू (टोकियोका 23 वटा विशेष वार्डहरू बाहेक))

→सङ्कलन र समन्वय टोली, मिदोरिको नगरपालिका कर कार्यालय ☎042-775-8808

・मिनामि वार्डका बासिन्दाहरू र शहर बाहिर बस्नेहरू (कानागावा प्रान्त, सागामिहारा-सि बाहेक)

→सङ्कलन र समन्वय टोली 1 र 2, मिनामिको नगरपालिका कर कार्यालय ☎042-749-2163

※यदि तपाईंलाई काउन्टरमा आएर परामर्श लिन गाह्रो छ भने, हामी फोनद्वारा पनि परामर्श स्वीकार गर्छौं।

## ＊ सोधपुछ गर्ने ठाउँ

**・सागामिहारा-सि राष्ट्रिय स्वास्थ्य बिमा कल सेन्टर ☎042-707-8111**

＊ जापानीज भाषा बाहेक अन्य भाषाको बेलामा, ग्राहक (तपाईं), कल सेन्टर प्रतिनिधि र दोभासे बीच त्रिपक्षीय कुराकानी मार्फत सेवा प्रदान गरिने छ।

<उपलब्ध भाषाहरू>

अङ्ग्रेजी, चिनियाँ, कोरियाली, भियतनामी, नेपाली, तागालोग, हिन्दी, पोर्चुगिज, इन्डोनेसियाली, थाई, स्पेनिस, फ्रेन्च, रुसी

＊ कृपया ध्यान दिनुहोस् कि दोभासे अर्को कलमा हुँदा यो सेवा उपलब्ध नहुन सक्छ।

<खुल्ला समय>

सोमबार देखि शुक्रबार (रातो बिदाहरू, वर्षान्त तथा नयाँ वर्षका दिनहरू बाहेक) बिहान 8:30 बजेदखि साँझ 5:15 बजेसम्म

दोस्रो तथा चौथो शनिवार बिहान 8:30 बजेदखि 12:00 बजेसम्म

＊ कृपया ध्यान दिनुहोस् कि निम्न भाषाहरूका लागि, सेवा कल केन्द्रको खुल्ला समयमा पनि उपलब्ध नहुने निश्चित समयहरू छन्।

| भाषा | उपलब्ध नभएको दिन | उपलब्ध नभएको समय |
|---|---|---|
| भियतनामी, थाई | -- | बिहान 8:30 देखि 9:00 सम्म |
| नेपाली, तागालोग, हिन्दी, इन्डोनेसियाली, फ्रेन्च, रुसी | शनिवार | बिहान 8:30 देखि 9:00 सम्म |